**The Journal of Nuwakot Adarsha Multiple Campus**
Vol. 6(1), 2025, ISSN : 2616-0226, Page : 15

# सामुदायिक क्याम्पस व्यवस्थापनका समस्या र समाधानका उपायहरू

**प्रा. डा. नारायण प्रसाद बेल्वासे[१], अम्बिका सापकोटा (बेल्बासे)[२]**

**लेखसार**

प्रस्तुत लेखले सामुदायिक क्याम्पस व्यवस्थापनका समस्या र समाधानका उपायहरूको उल्खनन गर्ने प्रयास गरेको छ । त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसका समस्या अवस्थाको पहिचान गर्दै तिनले भोग्नु परेको समस्याहरू पहिल्याउने र त्यस्ता समस्या समाधानका उपायहरूको खोजी गर्नु यो लेखको मुख्य अभिप्राय हो । चिट्ठा विधिद्वारा लुम्बिनी अञ्चलका पहाडी जिल्लाका छ सामुदायिक क्याम्पस तथा तराई जिल्लाका सात सामुदायिक क्याम्पसबाट तीन तीन गरी सामुदायिक क्यम्पसका ६ जना क्याम्पस प्रमुख, २४ शिक्षक र तिस विद्यार्थी गरी जम्मा ६४ उत्तरदातालाई अन्तर्वार्ता फारम र स्थलगत सर्वेक्षण फारममा निर्दिष्ट  पूर्णनिर्धारित प्रश्नावलीको विधि प्रयोग गरी प्राप्त नतिजालाई यो लेखमा व्याख्या गरिएको छ। अध्ययनबाट सामुदायिक क्याम्पसका अनुभवी र दक्ष  शिक्षकको कमी, अप्रभावकारी शिक्षण विधि, पठनपाठनमा अनियमितता, न्यून भर्ना तथा उर्त्तीण दर, अपर्याप्त शैक्षिक सामग्री, अपरिमार्जित पुस्तकालय जस्ता शैक्षिक समस्याहरू भवन, खानेपानी, छात्रावास, फर्निचर जस्ता भौतिक समस्याहरू आन्तरिक तथा बाह्य आर्थिक सहायताको कमी जस्ता आर्थिक र राजनैतिक समस्याबाट सामुदायिक क्याम्पसहरू गुज्रिएको पाइएको छ । पूर्णकालीन शिक्षक तथा कर्मचारीको व्यवस्था, त्रिभुवन विश्वविद्यालयको प्रभावकारी अनुगमन, परिणाममुखी, भौतिक साधनको पर्याप्तता, प्रभावकारी र आधुनिक पुस्तकालयको उपलब्धता र समय सुहाउँदो शुल्कलाई आत्मसात गर्न  सके यस्ता क्याम्पसको शैक्षिक स्थिति उकास्न सम्भव छ भन्ने यो लेखको निश्कर्ष हो । यस्ता समस्या समाधानका लागि, शिक्षक, विद्यार्थी, कर्मचारी प्रशासन, व्यवस्थापन समिति, त्रि. वि तथा सरकारले आ–आफ्नो क्षेत्रको उत्तरदायित्व बोध भई कार्यभार ग्रहण गरे समस्याको समाधान असम्भवप्रायः छैन ।

**शब्दकुञ्जी :**  सिकाइस्तर, सामुदायिक, आवश्यकताको सिद्धान्त, समन्वय सिद्धान्त, शैक्षिक सामग्री ।

## १. अध्ययनको पृष्ठभूमि

नेपालको ऐतिहासिक कालखण्डदेखि नै शिक्षा एउटा आवश्यक एवम् लोकप्रिय विषय बन्दै आएको छ । शिक्षा औपचारिक एवम् अनौपचारिक रूपमा आदान-प्रदान गर्न सकिन्छ । अनौपचारिक शिक्षा विशेष गरी सिकारुको आवश्यकता र उनीहरूको फुर्सदको समयमा निरक्षर व्यक्तिहरूलाई प्रदान गरिन्छ भने जीवन दौडानका क्रममा पनि विभिन्न काम विशेषले थुप्रै अनुभवहरू प्राप्त गर्न सकिन्छ। औपचारिक शिक्षा मन्टेस्वरी देखि विद्यावारिधि तहसम्म निश्चित पाठ्यक्रम तयार गरी अध्यापनद्वारा प्रदान गरिन्छ। अनौपचारिक शिक्षाको

१. प्राध्यापक शिक्षाशास्त्र केन्द्रीय विभाग
२. शिक्षण सहायक सानोठिमी क्यम्पस

आफ्नो ठाउँमा महत्त्व छँदैछ तर औपचारिक शिक्षालाई ज्ञान, सिप र वृत्ति प्राप्त गर्ने एउटा महत्त्वपूर्ण एवम् जीवन निर्वाहको क्षेत्र मानिन्छ (काफ्ले र अन्य २०६०) ।

औपचारिक शिक्षा प्राथमिक, नि.मा.वि., मा.वि. उ.मा.वि. क्याम्पसहरू र विश्व विद्यालयहरूमा प्राप्त गर्न सकिन्छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसद्वारा प्रदान गरिने शिक्षाले पनि विशेष महत्त्व राखेको छ । क्याम्पसद्वारा गुणस्तरीय शिक्षा प्रदान गरिने वा नगरिने भन्ने कुरा त्यहाँको शैक्षिक व्यवस्थापन कस्तो छ त्यसमाथि निर्भर गर्दछ । सम्बन्धन प्राप्त क्याम्पसको शैक्षिक व्यवस्थापन भन्नाले सामुदायिक क्याम्पसहरूका शैक्षिक उद्देश्यहरू पूरा गर्न मानवीय संसाधन, भौतिक पक्ष र आर्थिक पक्षको प्रबन्ध गर्ने तौरतरिकाको छनौट गर्ने, सरल र व्यवस्थित ढङ्गले उद्देश्य प्राप्त गर्न पहल गर्नुपर्दछ भन्ने बुझिन्छ । यसरी विभिन्न शैक्षिक क्षेत्रहरूमा सरल वा जटिल प्रकारबाट उद्देश्य प्राप्तिका लागि गरिने प्रबन्ध नै शैक्षिक व्यवस्थापन हो (थापा,क्षेष्ठ, सिग्देल, २०६६ ) ।

सामुदायिक क्याम्पसहरूले कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ । यसर्थ शैक्षिक सङ्गठनको निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने स्रोत र साधन जुटाई व्यवस्थित ढङ्गले सञ्चालन र समन्वय गर्ने प्रक्रिया शैक्षिक व्यवस्थापन हो । सामुदायिक क्याम्पसको शैक्षिक व्यवस्थापनअन्तर्गत योजना तर्जुमा, सङ्गठन, निर्देशन र नियन्त्रिण जस्ता कार्यहरू पर्दछन् (पराजुली, २०६६ ) ।

स्थानीय शिक्षाप्रेमी, समाजसेवी र बुद्धिजीविको क्रियाशीलतामा समुदायद्वारा उच्च तहसम्म शिक्षा प्रदान गर्ने उद्देश्यका साथ गैर नाफामूलक रूपमा अंशियार नभई सञ्चालित क्याम्पसलाई सामुदायिक क्याम्पस भनिन्छ। सामुदायिक क्याम्पस सञ्चालन गर्न त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम ३७८ बमोजिम आवेदन पर्न आएमा उपकुलपतिको पूर्व स्वीकृति लिई शिक्षाध्यक्षले सम्बन्धित विशेषज्ञहरू भएको टोली गठन गराई सो टोलीबाट प्रस्तावित क्याम्पसको सम्भाव्यता अध्ययन गराउने छ । सो टोलीले स्थलगत अध्ययन गर्नुका साथै आवश्यक देखेमा आवेदक संस्थाले सञ्चालन गरेका अन्य क्याम्पसहरूको समेत अध्ययन गरी प्रतिक्रिया, राय र सुझावसहित प्रतिवेदन प्रस्तुत गर्नेछ। उक्त सम्भाव्यता अध्ययन टोलीले प्रस्तुत गरेको प्रतिवेदन शिक्षाध्यक्षले सम्बन्धित डिन कहाँ पठाइ डिनले सम्बन्धित विद्यापरिषदको सिफारिससहितको प्रतिवेदन शिक्षाध्यक्षसमक्ष प्रस्तुत गर्नु पर्नेछ। प्राप्त प्रतिवेदन उपर छानबिन गरी उपयुक्त भएमा शिक्षाध्यक्षले क्याम्पसलाई तोकिएको शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने बारेको प्रस्ताव कार्यकारी परिषदमा प्रस्तुत गर्नेछ । उक्त प्रस्तावमा कार्यकारी परिषदले आवश्यक देखेमा अन्य शर्तहरू तोकी तोकिएको शैक्षिक कार्यक्रम सञ्चालन गर्न क्याम्पसलाई अस्थायी स्वीकृति दिने व्यवस्था भएको पाइन्छ (त्रि.वि. २०५० ) ।

शैक्षिक व्यवस्थापन र गुणस्तरीय शिक्षा भनेको शैक्षिक उद्देश्यको प्राप्ति हो, उच्च स्तरको उत्पादन हो, विद्यार्थीको सिर्जनशील सेवा दिने क्षमता, लगानीकर्ता एवं जोखिमकर्तालाई सन्तुष्टि दिने क्षमता नै शैक्षिक व्यवस्थापन र गुणस्तर निर्धारण गर्ने मापदण्डहरू हुन् । शैक्षिक व्यवस्थापन र गुणस्तर निर्धारण गर्ने कसी भनेको विद्यार्थीको लेखपढ गर्ने मानसिकता सिर्जना गर्ने, बुझेका कुरा अभिव्यक्ति गर्न सक्ने शैली र सम्बन्धित विषयवस्तुको महान् ज्ञान हो (खनाल, २०६६) ।

गुणस्तरीय शिक्षामा प्रत्यक्ष रूपले प्रभाव पार्ने विषयवस्तु भनेको नै शिक्षण संस्थाको शैक्षिक व्यवस्थापन हो। शिक्षण संस्थाको स्थापना त्यति महत्त्वपूर्ण कुरा होइन त्योभन्दा बढी महत्त्वपूर्ण विषयवस्तु भनेको शिक्षण संस्थाको शैक्षिक, भौतिक र आर्थिक व्यवस्था व्यवस्थित हुनु पर्दछ। शिक्षण संस्थामा व्यवस्थापकीय पक्ष कस्तो छ ? सबल र सक्षम व्यवस्थापन र व्यवस्थापक भएको खण्डमा निश्चित रूपमा संस्थाले अपेक्षित उपलब्धि

प्राप्त गर्न सक्छ। क्यापसको शैक्षिक, भौतिक र आर्थिक अवस्था कस्तो रहेको छ ? समस्याहरू के कस्ता रहेका छन् ? यी समस्याहरूलाई समाधान गर्न के कस्ता उपायहरू आवश्यक पर्दछन् भन्ने जस्ता यावत पक्षलाई महत्त्वका साथ हेर्ने र कार्यान्वयन गर्न सक्नु पर्दछ। यी कुराको मनन् गरी यस अध्ययनको समस्याको कथनको रूपमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको अवस्थालाई लिइएको छ (कोइराला र चन्द्रबहादुर २०६६ )।

कुनै पनि शैक्षिक संस्थाको औचित्य सिकारुको व्यवहार र धारणामा सकारात्मक परिवर्तन गराउनु हो । अर्थात जुन क्षेत्रसँग सम्बन्धित विषयवस्तु अध्ययन अध्यापन गराइएको छ त्योसँग सम्बन्धित क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन सक्नु हो। यस कार्यका लागि शैक्षिक व्यवस्थापनको अहम् भूमिका रहेको हुन्छ। शैक्षिक व्यवस्थापन अन्तर्गत पर्ने विभिन्न कार्यहरूको एकिकृत प्रयास वा कार्यान्वयनबाट मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ( बेल्वासे, २०६५ )।

आजको युग विज्ञान र प्रविधिको युग हो । जसका लागि प्रतिस्पर्धात्मक समाज, समुन्नत राष्ट्रको विकासमा टेवा पुऱ्याउने खालको शैक्षिक जनशक्ति उत्पादन गर्ने, विकासको सशक्त माध्यमको रूपमा क्याम्पसलाई पनि लिनु पर्ने हुन्छ। वर्तमान परिवेशमा राष्ट्रको शैक्षिक स्तरलाई उठाउने तथा अधिकांश देशको दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्ने कार्य क्याम्पसहरूले गर्ने हुँदा पनि क्याम्पसको शैक्षिक व्यवस्थापन पक्षको ठुलो महत्त्व तथा भूमिका रहेको हुन्छ। शैक्षिक व्यवस्थपनअन्तर्गत पनि विशेष गरी शिक्षक भर्ना छनौट, नियुक्ति, पदस्थापन, शिक्षण क्रियाकलाप, समिति गठन, विद्यार्थी भर्ना नीति, विद्यार्थी उत्तीर्ण दर वृद्धि गर्न अपनाइने क्रियाकलाप, शिक्षण सामग्रीको प्रयोग आदि पर्दछन् भने भौतिकअर्न्तगत जग्गा, भवन, फर्निचर, कक्षा कोठा, पिउने पानी, शौचालय, उपयुक्त चमेना गृह, खेलमैदान आदि पर्दछन्। त्यस्तै आर्थिक पक्षअर्न्तगत शैक्षिक र भौतिक पक्षलाई व्यवस्थित बनाउन आवश्यक स्रोत साधनको व्यवस्थापन पर्दछन्। विद्यार्थी भर्ना उच्च बनाई गुणस्तरीय शिक्षा प्रदान गराइराख्नका लागि शैक्षिक व्यवस्थापनको अपरिहार्यता देखिन्छ ( जि. सि २०६७ )।

गुणस्तरीय शिक्षा व्यवस्थापनका लागि स्थानीय समुदाय, अभिभावक, क्याम्पस परिवारबाट शैक्षिक स्तर उकास्नका लागि शैक्षिक, भौतिक आर्थिक व्यवस्थापकीय पक्षको महत्त्वपूर्ण भूमिका रहने हुनाले यी पक्षहरूमा विशेष ध्यान राख्नु पर्ने देखिन्छ ( शर्मा २०६६ )।

## २. अध्ययनको उद्देश्य

त्रि.वि. अर्न्तगत सामुदायिक क्याम्पसले भोग्नु परेका समस्याहरू पहिल्याई समस्या समाधानका उपायहरू खोजी गर्ने यो लेखको उद्देश्य रहेको छ।

## ३. अध्ययन विधि

अध्यनका लागि लुम्बिनी अञ्चलका ३ वटा पहाडी जिल्लामध्ये अर्घाखाँची जिल्लाका ६ वटा त्रि.वि.बाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसमध्ये ३ वटा र तराईका ३ वटा जिल्लामध्ये कपिलवस्तु जिल्लाअन्तर्गत रहेका ७ वटा सामुदायिक क्याम्पसमध्ये ३ वटा गरी ६ वटा सामुदायिक क्याम्पसलाई चिट्ठा विधिबाट (खनाल, २०६५) नमुना छनोट गरिएको छ। क्याम्पसबाट ६ जना क्याम्पस प्रमुख, २ जना सहायक क्याम्पस प्रमुख, २४ जना शिक्षक र ३० जना विद्यार्थी गरी ६२ जनालाई उत्तरदाताको रूपमा चिट्ठा विधिबाट छनोट गरिएको छ।

### ३.१ तथ्याङ्क सङ्कलनका साधन

-अन्तर्वार्ता प्रश्नावली
-सर्वेक्षण फारम

### ३.२ तथ्याङ्क सङ्कलनका स्रोत

-प्राथमिक स्रोत
-द्वितीय स्रोत

## ४. व्याख्या र विश्लेषण

### ४.१ सामुदायिक क्याम्पसका समस्या

कुनै पनि संघसंस्था वा कार्यालय निश्चित उद्देश्य प्राप्तिका लागि स्थापना गरिएको हुन्छ । ती उद्देश्य प्राप्तिका क्रममा व्यक्ति, समुदाय, संघसंस्था वा कार्यालयहरू समस्याबाट मुक्त भएको पाइँदैन । एउटा समस्या समाधान भएपश्चात् अर्को समस्या सिर्जना हुन्छ भने कतिपय समस्याहरू समाधान गर्न नसक्दा संस्थाका पूर्व निर्धारित उद्देश्यहरू प्राप्त गर्न कठिन पर्दछ । त्रिभुवन विश्वविद्यालयले विभिन्न सङ्काय तथा विषयको सञ्चालनका लागि हाल सम्म १००० भन्दा बढी क्याम्पसलाई सम्बन्धन दिएको पाइन्छ । सम्बन्धन प्राप्त क्याम्पसहरू त्रि.वि. को नियमानुसार सञ्चालन भएका छन्, छैनन्, समस्याहरू केके रहेका छन् भन्ने बारेमा सरकारी निकायबाट अनुगमनसमेत भएको पाइँदैन । तसर्थ यस्ता क्याम्पसहरूको शैक्षिक, भौतिक र आर्थिक समस्याहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.२ शैक्षिक समस्या

शिक्षण संस्थाहरू स्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ स्थापना गरिएको हुन्छ । स्तरीय शिक्षा प्राप्तिका लागि अनुभवी दक्षता प्राप्त शिक्षक, शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण र प्रयोग, परीक्षा परिणाम, पुस्तकालयको सुविधा, व्यवस्थान गर्ने निकाय आदिले प्रभाव पार्दछन् । सम्बन्धन प्राप्त क्याम्पसका शैक्षिक समस्याहरू निम्नानुसार रहेको पाइयो :

#### क. अनुभवी र दक्ष शिक्षकको कमी

सामुदायिक क्याम्पसमा अध्यापनरत शिक्षकहरू प्रायः लामो अवधिसम्म कार्य गरी अनुभव प्राप्त नहुँदा शिक्षण सिकाई क्रियाकलापलाई प्रभाव पारेको छ भने पठनपाठनदेखि लिएर पाठ्यक्रम परिमार्जन भएका अवस्थामा समसामयिक तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्य नहुनाले शिक्षकलाई पठनपाठनका क्रममा समस्याहरू रहेका छन् । पूर्णकालीन, अनुभवी र दक्ष शिक्षकको अभाव पनि त्यति नै रहेको छ ।

#### ख. शिक्षण विधि प्रभावकारी नहुनु

पाठ्यक्रमका उद्देश्यहरू परिपूर्तिका लागि विद्यार्थीहरू सक्रिय भएर ज्ञान, सिप र धारणा आर्जन गर्न शिक्षण विधिले पनि प्रभाव पार्दछ । विशेष गरी खोज, प्रयोगात्मक, छलफल, समस्या समाधान विधिले

विद्यार्थीहरूलाई सक्रिय बनाउँछ। शिक्षकले सहजकर्ताको रूपमा भूमिका निर्वाह गर्नुपर्छ। कक्षाकोठामा उभिएर भाषण मात्र गर्नु हुँदैन भनी १५ जना (६२.५ प्रतिशत) शिक्षक, २७ जना (९० प्रतिशत) विद्यार्थीबाट प्रतिक्रिया प्राप्त भएको छ।

### ग. नियमित पठनपाठन हुन नसक्नु

विशेष गरी स्थायी शिक्षकभन्दा कोर्स करार, अस्थायी र आंशिक शिक्षकको सङ्ख्या अत्याधिक रहेको र ती शिक्षकहरू पेसागत रूपमा स्थायित्व नहुनाले शिक्षण सिकाइप्रति उदासिन भएको पाइन्छ। मासिक कोर्स करारमा नियुक्त शिक्षक पठनपाठन कार्यलाई कसरी प्रभावकारी बनाउनेभन्दा कोर्स चाँडै कसरी सकिन्छ भन्ने भावना देखिएको हुँदा पठनपाठन कार्य प्रभावकारी नभएको देखियो। पेसागत स्थायीत्वका खोजीमा हिँडिरहँदा पठनपाठन कार्य नियमित हुन सकेको देखिएन।

### घ. विद्यार्थी भर्ना न्यून हुनु

अध्ययन क्षेत्रमा परेका ६६.६७ प्रतिशत क्याम्पसहरू ग्रामीण क्षेत्रमा सञ्चालन भएका र ३३.३३ प्रतिशत क्याम्पसहरू (पाणिनि बहुमुखी क्याम्पस र गौतमबुद्ध क्याम्पस) सहरी क्षेत्रमा स्थापना भई सञ्चालनमा आएको पाइयो। सहरी क्षेत्रका क्याम्पसको तुलनामा ग्रामीण क्षेत्रमा रहेका क्याम्पसमा शैक्षिक, भौतिक र आर्थिक पूर्वाधार कमजोर रहेका कारण विद्यार्थीहरू सहर केन्द्रित हुनु, क्याम्पसमा शिक्षण गर्ने शिक्षकहरू मा.वि.तहमा शिक्षण गरिरहेका पुरानै अनुहार हुनुले विद्यार्थीहरूमा क्याम्पसमा अध्ययन गरिगरिहेको छु जस्तै नयाँपन महसुस नहुनु जस्ता कारणले ग्रामीण क्षेत्रमा विद्यार्थी भर्ना गर्न निकै समस्या रहेको छ। चाहे अनुसारका विषय नहुनु र विद्यार्थीमा सहरकेन्द्रित भावना रहनाले विद्यार्थी भर्ना न्यून रहेको ४ जना (६६.६६ प्रतिशत) क्याम्पस प्रमुख र १५ जना (५० प्रतिशत) विद्यार्थी बताउँछन्।

### ङ. परीक्षा परिणाम वृद्धि गर्न नसक्नु

विद्यार्थीले चाहेअनुसारका सङ्काय र विषय नहुनु, जेहेन्दार विद्यार्थीहरू बुटवल, काठमाडौं जस्ता सहरी क्याम्पसमा भर्ना हुन जानु, अतिरिक्त क्रियाकलाप नहुनु अन्य आंगिक क्याम्पसका तुलनामा विद्यार्थी भर्ना, मासिक शिक्षण शुल्क, परीक्षा शुल्क बढी हुनु जस्ता कारणले विद्यार्थी भर्ना गर्न निकै समस्या परिरहेको छ भने विद्यार्थी उत्तीर्णदर पनि १८.८७ प्रतिशत रहनु, गरिब, विपन्न, सुविधा विहीन, विवाहित महिलाको संख्या निकै बढी देखिएको र ती विद्यार्थीहरू घरको काममा व्यस्त भइरहनुपर्ने बाध्यताले पनि नियमित रूपमा उपस्थित भई अध्ययन गर्न नसक्नुले उत्तीर्ण प्रतिशत कम हुन गएको छ। यस कार्यमा अभिभावक र विद्यार्थीलाई आकर्षित गर्न निकै चुनौती रहेको अध्ययनबाट देखिन आएको छ। अध्ययन क्षेत्रका ९३ शिक्षकमध्ये ७३ जना शिक्षकहरू नि.मा.वि. मा.वि. तहमा शिक्षण गर्ने भएकाले ती शिक्षकहरूलाई विद्यार्थीहरू कम विश्वास गर्नाले भर्ना कार्य आकर्षित हुन सकेको छैन। विशेष गरी ग्रामीण क्षेत्रका धेरै जसो विद्यार्थीहरूको शैक्षिक, आर्थिक र सामाजिक समस्याका कारण विद्यार्थीहरू नियमित रूपमा उपस्थित हुन नसक्नु र धनी तथा जेहेन्दार विद्यार्थीहरू सहरका क्याम्पसमा केन्द्रित हुनाले परीक्षा परिणाम वृद्धि हुन सकेको छैन भनी ४ जना (६६.६६ प्रतिशत) क्याम्पस प्रमुख, १५ जना (५० प्रतिशत) विद्यार्थीले प्रतिक्रिया दिएका छन्।

### च. शैक्षिक सामग्रीको व्यवस्था नहुनु

शैक्षिक सामग्रीले हरेक विषयको विषयगत धारणालाई प्रतिबिम्बित गर्दछ । शैक्षिक सामग्री सदैव विद्यार्थीलाई आकर्षित गर्ने खालको हुनुपर्दछ । उनीहरूको सिकाइलाई प्रोत्साहन गर्ने चिरस्थायी बनाउने सामग्री नै शैक्षिक सामग्री हो । यसअन्तर्गत विशेष गरी मुद्रित, दृश्य, श्रव्य र श्रव्यदृश्य सामग्रीहरू पर्दछन् । ती सामग्रीहरूको प्रयोग गर्दा सिकाइलाई व्यवहारिक, उद्देश्यमूलक, दिगो र अर्थपूर्ण बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । तर सामुदायिक क्याम्पसमा मार्कर, चक र डस्टरबाहेक अरू शैक्षिक सामग्रीहरूको प्रयोगहरू नगरेको पाइयो । शिक्षकले पनि शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न नखोज्नु र शैक्षिक सामग्रीको खरिद र प्रयोग नहुनाले पठनपाठन कार्य व्यवस्थित र आकर्षित हुन नसकेको २ जना (३३.३३ प्रतिशत) क्याम्पस प्रमुख, २४ जना (८० प्रतिशत) विद्यार्थी बताउँछन् ।

### छ. पुस्तकालयको उचित व्यवस्था नहुनु

सिकाइ कार्यलाई व्यवस्थित गर्ने पुस्तकालय सुविधा पनि हो । अन्तर्वार्ता प्रश्नावली र क्याम्पस सर्वेक्षण फारम अनुसार १ जना (१६.३ प्रतिशत) क्याम्पस प्रमुख, १ जना (५० प्रतिशत) सहायक क्याम्पस प्रमुख, ३ जना (१२.५ प्रतिशत) र १८ जना (६० प्रतिशत) विद्यार्थीहरूले पुस्तकालय व्यवस्थित नभएको प्रतिक्रिया दिएका छन् ।

क्याम्पसमा पुस्तकालय केही व्यवस्थित भएको पाइयो भने ६६.६८ प्रतिशत क्याम्पसमा शिक्षक स्टाफ, पुस्तकालय, बैठककक्ष र लेखाकक्ष एउटै कक्षामा रहनु, पुस्तकालय हेर्ने छुट्टै कर्मचारीको व्यवस्था गर्न नसक्नु, पुस्तकालयमा बसी अध्ययन गर्ने ठाउँ नहुनु, कतिपय विद्यार्थीहरूले पाँच वटासम्म पुस्तक सुविधा लिएको र कतिपय विद्यार्थी एउटा पनि पुस्तक नपाउनुले पुस्तकालय व्यवस्थापन नीति र कार्यान्वयनसम्बन्धी थुप्रै समस्याहरू रहेका छन् ।

### ज. सञ्चालक समिति गठन

क्याम्पसको सञ्चालन रेखदेख, र नियन्त्रण कार्यका लागि सञ्चालक समितिको आवश्यकता पर्छ । समितिको अभावमा क्याम्पसका शैक्षिक, भौतिक र आर्थिक समस्याहरू समाधान गर्न सकिदैन । अन्तर्वार्ता प्रश्नावली अनुसार ३३.३२ प्रतिशत क्याम्पसमा राजनीतिक होडवाजी दाउपेचका कारण समिति गठन हुन नसक्दा शिक्षँक नियुक्ति, भौतिक निर्माण र आर्थिक स्रोत पहिचान र रकम सङ्कलन गर्न नसकिएको २ जना (३३.३२ प्रतिशत) क्याम्पस प्रमुख, १ जना (५० प्रतिशत) सहायक क्याम्पस प्रमुख, ८ जना (३३.३२ प्रतिशत) शिक्षक र १० जना (३३.३२ प्रतिशत) विद्यार्थीहरूले प्रतिक्रिया दिएका छन् ।

### झ. शिक्षक नियुक्ति गर्न कठिनाइ

अध्ययन क्षेत्रमा आवश्यक भएका ७ जना शिक्षकहरू नियुक्त गर्नु पर्नेमा राजनीतिक हस्तक्षेपका कारण नियुक्त गर्न नसक्दा पठनपाठनमा निकै समस्या रहेको २ जना (३३.३२ प्रतिशत) क्याम्पस प्रमुख बताउनु हुन्छ। शिक्षक नियुक्तिका लागि शिक्षक छनौट समिति गठन गरिए तापनि राजनीतिक हस्तक्षेपका कारण समितिले निष्पक्ष र स्वतन्त्र भएर कार्य गर्न नसकेको  २ जना (३३.३२ प्रतिशत) क्याम्पस प्रमुखबाट प्रतिक्रिया प्राप्त भएको छ ।

समग्रमा अनुभव र दक्ष शिक्षकको कमी, शिक्षक विधि प्रभावकारी नहुनु, नियमित पठनपाठन हुन नसक्नु, विद्यार्थी भर्ना न्यून हुनु, परीक्षा परिणाम वृद्धि गर्न नसक्नु, शैक्षिक सामग्रीको व्यवस्था नहुनु, पुस्तकालयको उचित व्यवस्था नहुनु, सञ्चालक समितिले राजनीतिक हस्तक्षेपका कारण स्वतन्त्र भएर कार्य गर्न नसक्नु जस्ता शैक्षिक समस्याहरू रहेका छन् ।

टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्तअनुसार कामदारको कार्यशैली वैज्ञानिक बनाइनु पर्ने, कामदारको छनोट गर्ने, छानिएका कामदारलाई तालिम दिने, व्यवस्थापक र कामदारबिच आत्मीय सहयोग सम्बन्ध स्थापित हुनुपर्ने, कामअनुसारको ज्याला दिनुपर्ने र कामदार र व्यवस्थापकबिच स्पष्ट कार्य विभाजन हुनुपर्ने कामदारलाई मात्र दोषी दिई आफू उम्कने परिपाटी त्याग्नु पर्दछ भन्ने कुरामा जोड दिएको छ (शाक्य, १९९६ )।

टेलरको कामदारको कार्यशैली वैज्ञानिक बनाउनु पर्ने र कामदारलाई तालिम दिने सिद्धान्तअनुसार क्याम्पसमा परम्परागत प्रक्रियाको सट्टा वैज्ञानिक तरिका अपनाएमा योग्य शिक्षक नियुक्त हुनसक्छ। शिक्षकले समयअनुसार तालिमको अवसर प्राप्त गरी प्रभावकारी शिक्षण विधि प्रयोग गर्न सक्छन् । सञ्चालक समिति, क्याम्पस प्रमुख, शिक्षक, विद्यार्थीबिच सम्बन्ध स्थापित हुन सकेमा क्याम्पसको शैक्षिक अवस्थालाई सुदृढ बनाउन सकिन्छ ( शर्मा र शर्मा, २०६४ ) ।

मेरी पार्कर फोलेटको सिद्धान्तअनुसार संस्थामा सरोकारवालाबिच प्रत्यक्ष सम्पर्कबाट समन्वय, प्रारम्भिक अवस्थामा समन्वय सम्पूर्ण सम्बद्ध तत्वको पारस्परिक सम्बन्धको रूपमा समन्वय हुनुपर्दछ भने समन्वय एक निरन्तर प्रक्रियाको रूपमा हुनु पर्दछ ।

फोलेटको प्रत्यक्ष सम्पर्कबाट समन्वय सिद्धान्तअनुसार क्याम्पस सञ्चालक समितिले अनुभवी र दक्ष शिक्षकको व्यवस्था गर्न सक्छ । विद्यार्थी भर्ना र परीक्षा परिणाममा वृद्धि गर्न सक्छ भने राजनीतिक दलले अनावश्यक राजनीतिक हस्तक्षेप नगरी समन्वयबाट पनि शैक्षिक समस्या समाधान गर्न सकिन्छ (खनाल, २०६६ ) ।

## ४.३ भौतिक समस्या

शिक्षण सिकाइ कार्यलाई उद्देश्यमूलक, मर्यादित र अनुशासित ढङ्गले व्यवस्थित गर्न भौतिक सुविधाको उपलब्धता तथा विस्तार पनि त्यतिकै आवश्यक छ । यसको अभाव वा समस्याका कारण सिकाइ कार्य प्रभावित हुन्छ। सामुदायिक क्याम्पसमा पनि यस्ता समस्याहरू विद्यमान रहेको पाइन्छ ती समस्याहरूलाई निम्नानुसार प्रस्ट गरिएको छ ।

### क. भवनको समस्या

शिक्षण सिकाइ क्रियाकलापलाई घाम, हुरी, बतास र बाह्य हल्लाले, नकारात्मक प्रभाव पार्ने भएकोले भवनको आवश्यकता पर्दछ । अन्तर्वार्ता प्रश्नावलीअनुसार ५० प्रतिशत क्याम्पसको आफ्नो भवन भएको र ५० प्रतिशत क्याम्पसको आफ्नै भवन नहुनाले उच्च मा.वि. को भवन प्रयोग गर्नुपर्ने, बिहान ६ बजेदेखि कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता छ भने अर्कोतर्फ टाढाका विद्यार्थी उक्त समयमा आउन निकै समस्या रहेको छ । लोड सेडिङको कारणले पहिलो पिरियडको पठनपाठन कार्य व्यवस्थित हुन सकेको छैन भने ९:३० बजेपछि उ.मा.वि.मा अध्ययन गर्ने विद्यार्थी विद्यालय मैदानमा आउँदा होहल्ला हुनुको साथै पठनपाठन अवरुद्ध भएको कुरा शतप्रतिशत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र विद्याथीहरू बताउँछन् ।

### ख. कक्षाकोठा, फर्निचर तथा अन्य कक्षको समस्या

पचास प्रतिशत क्याम्पसको आफ्नै भवन भए तापनि कक्षा कोठाको समस्या गरेको देखिन्छ भने ५० प्रतिशत क्याम्पसले उ.मा.वि.को भवन प्रयोग गरेको र विद्यालयमा कक्षा सञ्चालन गर्ने भएकाले कक्षा कोठा, फर्निचरको खासै समस्या देखिँदैन । अध्ययन क्षेत्रमा सत प्रतिशत क्याम्पसमा क्याम्पस प्रमुख, सहायक प्रमुख, शिक्षक, कर्मचारीको बैठक लगायतका कक्ष एउटा रहेकोले कार्य गर्न अप्ठ्यारो परेको क्याम्पस प्रमुख र शिक्षकहरू बताउनुहुन्छ । पाणिनि बहुमुखी क्याम्पसबाहेक ८३.३४ प्रतिशत क्याम्पसमा लेखाकक्ष, पुस्तकालय र वाचनालयका लागि बेग्ला बेग्लै कक्ष नभएकाले प्रशासनिक, आर्थिक हिसाब किताब राख्न र पुस्तकालय व्यवस्थित गर्न नसकिएको ५ जना (८३.६४ प्रतिशत) क्याम्पस प्रमुख, १५ जना (६२.५ प्रतिशत) शिक्षक र २४ जना (८० प्रतिशत) विद्यार्थीबाट प्रतिक्रिया प्राप्त भएको छ ।

### ग. खानेपानी

स्वच्छ पानी र शौचालय मानव जीवनका लागि अत्यावश्यक वस्तुहरू हुन् । पचास प्रतिशत क्याम्पसमा खानेपानी तथा शौचालय आफ्नै भवन वा जग्गाभित्र रहे तापनि स्वच्छ र पर्याप्त पानी नहुनुका साथै सफा शौचालयको समस्या रहेको छ भने ५० प्रतिशत क्याम्पसको आफ्नै भवन नभएकोले खानेपानी उ.मा.वि. को प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ । त्यस्ता क्याम्पसमा खानेपानी, शौचालय आदिका सम्बन्धमा उ.मा.वि. र क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीबिच समय समयमा झैझगडा र मनमुटाव भइरहने समस्या पनि छ । यसरी ५० प्रतिशत क्याम्पसमा आफ्नै खानेपानी नभएको क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र विद्यार्थीहरूले प्रतिक्रिया दिएका छन् ।

### घ. छात्रावास व्यवस्थापन हुन नसक्नु

क्याम्पसमा अध्ययन अध्यापन गर्न सहभागी हुने टाढाका शिक्षक, विद्यार्थीहरूलाई आवास तथा छात्रावास नहुँदा बस्न खानको समस्या रहेको छ भने शिक्षक विद्यार्थीहरू बिहानै क्याम्पसमा जानुपर्ने र १०:३० बजेसम्म पठनपाठन कार्यमा सहभागी हुनु परेको अवस्थामा ८३.३४ प्रतिशत क्याम्पसमा चमेना गृह नहुनाले शिक्षक विद्यार्थीलाई चिया नास्ता गर्न निकै समस्या भइरहेको अन्तर्वार्ता प्रश्नावली, सर्वेक्षण फारम र स्थलगत अध्ययनबाट देखिन आएको छ ।

समग्रमा अध्ययन क्षेत्रका क्याम्पसमा भवनको व्यवस्था नहुनु, कक्षाकोठा फर्निचर तथा कामको प्रकृत्यनुसार बेग्लाबेग्लै कोठाको व्यवस्था नहुनु, खानेपानी र शौचालयको उचित व्यवस्था नहुनु, छात्रावास र चमेनागृहको उचित व्यवस्थापन नहुँदा शिक्षक, विद्यार्थीहरूलाई पठनपाठन क्रियाकलापमा असर पुगेको देखिन्छ ।

मेरी पार्कर फोलेटको सिद्धान्तानुसार संस्थामा सरोकारवालाबिच प्रत्यक्ष सम्पर्कबाट समन्वय, प्रारम्भिक अवस्थामा समन्वय सम्पूर्ण सम्बद्ध तत्त्वको पारस्परिक सम्बन्धको रूपमा समन्वय हुनुपर्दछ भने समन्वय एक निरन्तर प्रक्रियाको रूपमा हुनुपर्दछ ।

फोलेटको प्रत्यक्ष सम्पर्क समन्वय, प्रारम्भिक अवस्थामा सम्पूर्ण सम्बन्ध तत्त्वको पारस्परिक समन्वय सिद्धान्तानुसार नगरपालिका, गा.वि.स., जिल्ला विकास समितिले क्याम्पसमा भवन, फर्निचर, खानेपानी, शौचालयको लागि बजेट व्यवस्था गर्न सक्छन् भने त्रि.वि. अनुदान आयोगले पनि थप रकम उपलब्धका

लागि पहल गर्न सक्छ । जसले गर्दा क्याम्पसका भौतिक समस्याहरू समाधान हुन सक्छन् । यसैगरी क्याम्पस सञ्चालक समिति, शिक्षक, विद्यार्थी र विभिन्न गैरसरकारी संघ संस्थाबिच प्रत्यक्ष सम्पर्क भई प्रारम्भिक अवस्थादेखि नै समन्वय भएमा भौतिक समस्या समाधान गर्न सकिन्छ ।

## ४.४ आर्थिक समस्या

व्यक्ति, सुमदाय, संघ संस्था वा कार्यालयका पूर्वनिर्धारित उद्देश्यहरू समयमा नै प्राप्त हुने वा नहुने भन्ने कुरा आर्थिक समस्याले पनि प्रभाव पारिरहेको हुन्छ । सामुदायिक क्याम्पसमा रहेका आर्थिक समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### क. शिक्षक तलब भत्ता भुक्तानी हुन नसक्नु

शिक्षण संस्थामा कार्यरत शिक्षक कर्मचारीहरूलाई मासिक रूपमा तलब भत्ता भुक्तानी गर्नाले संस्थाको कार्यप्रति उत्प्रेरित भई कार्य गर्दछन् तर सामुदायिक क्याम्पसमा आम्दानीका स्रोत कमी भएको र भएका स्रोतबाट पनि नियमित रकम प्राप्त नहुँदा मासिक  कम तलब प्राप्त गर्नु परेको समस्या छ । अधिकांश क्याम्पसमा विद्यार्थी भर्ना गर्दा र वार्षिक परीक्षा आवेदन फारम भराउँदा मात्र शुल्क बुझाउने भएकोले कहिलेकहीँ बाहेक सामान्यतया वर्षको दुई पटक तलब भत्ता बुझ्नु पर्दा निकै समस्या रहेको क्याम्पस प्रमुख र शिक्षकहरू बताउनुहुन्छ । क्याम्पसको प्रमुख आम्दानीको स्रोत भनेको विद्यार्थीबाट लिइने शुल्क भएकोले उक्त शुल्क समयमा नबुझाउने र विद्यार्थी भर्ना सङ्ख्या कमी भएको अवस्थामा एक शैक्षिक सत्रभित्र पूरै तलब भुक्तानी हुन सकेको छैन । अध्ययन क्षेत्रका ९३ शिक्षकमध्ये २४ जना शिक्षकहरूलाई नियमित रूपमा तलब भत्ता प्राप्त गर्नुभएको छ ? भनी प्रश्न गर्दा सत् प्रतिशत शिक्षकले नियमित रूपमा तलब भत्ता नपाएको भनी उत्तर दिएकोले पनि शिक्षकले नियमित रूपमा तलब भत्ता प्राप्त गर्न समस्या रहेको देखिन्छ ।

### ख.  निर्माण तथा मर्मत-सम्भार गर्न नसक्नु

शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गर्न भौतिक पूर्वाधार सुविधायुक्त पनि हुनपर्छ । तर सामुदायिक क्याम्पसमा नियमित र दिगो आर्थिक स्रोत नहुँदा भवन, फर्निचर, पुस्तकालय, खेलमैदान, शौचालय, शैक्षिक सामग्री, तारबार, अतिरिक्त क्रियाकलाप, चमेनागृह जस्ता शीर्षकमा बजेटको व्यवस्था गर्न नसकेका कारणले थुप्रै समस्याहरू ल्याएको छ । भौतिक सुविधाको स्थापना र बिस्तारमा बजेटको व्यवस्था गर्न नसकेका कारणले निर्माण तथा मर्मत सम्भार समयमा हुन सकेको छैन । आर्थिक अभावका कारणले ५० प्रतिशत क्याम्पसले उ.मा.वि.का भौतिक सम्पत्तिहरू प्रयोग गर्नुपर्ने बाध्यता रहेको ३ जना (५० प्रतिशत) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र शिक्षकहरूले प्रतिक्रिया दिएका छन् ।

### ग. समयमा शिक्षण शुल्क असुली नहुनु

त्रिभुवन विश्वविद्यालयले ८५० भन्दा बढी सामुदायिक क्याम्पसलाई सञ्चालन गर्ने अस्थायी सम्बन्धन प्रदान गरेको छ तर त्यस्ता क्याम्पसहरूलाई नेपाल सरकार, त्रिभुवन विश्वविद्यालयले कुनै पनि आर्थिक अनुदान सहयोग उपलब्ध गराएको छैन । शिक्षक कर्मचारी तलब भत्ता, मसलन्द, निर्माण तथा मर्मत सम्भार जस्ता दैनिक खर्च सञ्चालनका लागि विद्यार्थी शिक्षण शुल्क नै सबैभन्दा महत्त्वपूर्ण स्रोत रहेको छ । विद्यार्थी शिक्षण

शुल्क निकै महङ्गो भएका कारणले कतिपय विद्यार्थीहरू भर्ना हुन नसकेको समस्या छ भने शिक्षण शुल्क नलिई वा कम लिँदा क्याम्पस सञ्चालनमा ठुलो आर्थिक समस्या पर्ने गरेको छ । शुल्क वृद्धि गर्दा विद्यार्थी सङ्घ सङ्गठन, राजनीतिक दल र अभिभावकले आन्दोलन गरी पठनपाठनसमेत बन्द गर्ने गरेका कारण वृद्धि गरिएको शुल्क पनि घटाउनु पर्ने समस्या रहेका छन् ।  शिक्षण शुल्क वर्षमा २ पटक मात्र बुझाउने गरेको शतप्रतिशत क्याम्प प्रमुख र २४ जना (८० प्रतिशत) विद्यार्थीहरूबाट प्रतिक्रिया प्राप्त भएको छ ।

### घ. आर्थिक सुविधाहरू प्रदान गर्न नसक्नु

संस्थामा कार्यरत कर्मचारीहरूलाई उद्देश्य प्राप्तिका लागि अभिप्रेरित गर्ने तत्त्वमध्ये आर्थिक तत्त्व पनि एक हो । कर्मचारीको तलब भत्ता वृद्धि, ग्रेडको व्यवस्था, क.सं.कोष, नागरिक लगानी कोष, बिमा, औषधि उपचार, उपदान, निवृत्तिभरण जस्ता शीर्षकमा सुविधा उपलब्ध गराउन सकेमा कार्यरत शिक्षकहरू आफ्नो पेसाप्रति अझ बढी उत्प्रेरित भई कार्य गर्नसक्ने वातावरण सिर्जना हुन सक्थ्यो तर सामुदायिक क्याम्पसमा आर्थिक अभावका कारणले शिक्षक कर्मचारीहरूलाई उक्त सुविधा उपलब्ध गराउन नसक्दा शिक्षकहरूले संस्था छोडिरहने समस्या रहेको छ । अध्ययन क्षेत्रका ९३ जना शिक्षकमध्ये २० जना स्थायी भनिए तापनि बिमा, औषधि उपचार, उपदान र निवृत्तिभरण जस्ता सुविधाहरू उपलब्ध गराउन नसक्नु क्याम्पसका समस्याहरू रहेका छन् । शिक्षकहरूलाई औषधि उपचार, बिमा, निवृत्तिभरणको सुविधा नभएको शतप्रतिशत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र शिक्षकहरूबाट प्रतिक्रिया प्राप्त भएको छ ।

सामुदायिक क्याम्पसहरूमा शिक्षक कर्मचारीहरूलाई समयमा तलब भत्ता भुक्तानी गर्न नसक्नु, निर्माण तथा मर्मत सम्भारका लागि बजेटको अभाव हुनु, शिक्षण शुल्क उठाउँदा विद्यार्थी र अभिभावकलाई मर्का पर्नु, निर्णय भएको शुल्क पनि समयमा उठाउन नसक्नु, विद्यार्थी भर्ना कम हुँदै जाँदा शुल्क पनि कम हुँदै जानु र शुल्क कम उठ्दा क्याम्पसका शैक्षिक, भौतिक पक्ष पनि प्रभावित हुने, क.सं. कोष, बिमा, औषधि उपचार, निवृत्तिभरणलगायतका आर्थिक सुविधा शिक्षक कर्मचारीहरूलाई उपलब्ध गराउन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

मेरी पार्कर फोलेटको सिद्धान्तानुसार संस्थामा सरोकारवालाबिच प्रत्यक्ष सम्पर्कबाट समन्वय, प्रारम्भिक अवस्थामा समन्वय सम्पूर्ण सम्बद्ध तत्त्वको पारस्परिक सम्बन्धको रूपमा समन्वय हुनुपर्दछ भने समन्वय एक निरन्तर प्रक्रियाको रूपमा हुनुपर्दछ ।

फोलेटको प्रत्यक्ष सम्पर्कबाट समन्वय सिद्धान्तानुसार क्याम्पस सञ्चालक समिति, स्थानीय निकाय, विभिन्न गैरसरकारी सघ संस्थाबिच घनिष्ट सम्बन्ध स्थापना गरेमा क्याम्पसलाई आर्थिक सहयोग प्राप्त हुन्छ । भने अभिभावकबाट चन्दा सङ्कलन गरी क्याम्पसको आम्दानी बढाई आर्थिक समस्या समाधान गर्न सकिन्छ ।

अब्राहम मास्लोको आवश्यकता शृङ्खलाको क्रमबद्ध सिद्धान्तानुसार मानिसका शरीरिक आवश्यकता, सुरक्षा आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता र आत्मसन्तुष्टिको आवश्यकता रहेका छन् ।

मास्लोको शारीरिक र सुरक्षा आवश्यकता सिद्धान्तानुसार क्याम्पसमा कार्यरत शिक्षकहरूको समय सापेक्ष तलब भत्ताको साथै, क.सं.कोष, औषधि उपचार, बिमा, निवृत्तिभरणको व्यवस्था गर्न सकेमा शिक्षक आफ्नो शारीरिक र सुरक्षा आवश्यकता प्राप्त भएको महसुस गरी संस्थाको कार्यमा क्रियाशील रही कार्य गरिरहन्छ ।

### ४.५ समस्या समाधानका उपाय

कुनै पनि व्यक्ति संघ संस्था पूर्ण रूपमा हरेक समस्याबाट मुक्त हुन सक्दैन । सामुदायिक क्याम्पस पनि समस्याबाट मुक्त नभएको अवस्था देखिन्छ। तसर्थ सामुदायिक क्याम्पसमा देखिएका शैक्षिक, भौतिक र आर्थिक समस्या समयमै समाधान गर्नुपर्दछ ।

### ४.५.१ शैक्षिक समस्या समाधानका उपाय

क्याम्पस स्थापनाकालदेखि हालसम्म आइपुग्दा मुख्यतया अनुभवी, दक्ष र पूर्णकालीन शिक्षक नहुनु, शिक्षण विधि पुरानै हुनु, शिक्षकको पेसागत स्थायित्व नहुनु, विद्यार्थी भर्ना र परीक्षा परिणाम न्यून हुनु, शैक्षिक सामग्री र पुस्तकालय व्यवस्थापन व्यवस्थित नहुनु, सञ्चालक समिति गठन र शिक्षक नियुक्ति कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिक हस्तक्षेप हुनु जस्ता शैक्षिक समस्यालाई समाधान गर्न निम्न उपायहरू प्रस्तुत गरिएको छ ।

### क. पूर्णकालीन शिक्षकको व्यवस्था हुनुपर्ने

सामुदायिक क्याम्पसमा २१.५० प्रतिशत शिक्षक मात्र स्थायी भएकोमा अन्य शिक्षक अस्थायी, कोर्स करार र आंशिक रूपमा कार्यरत भएकाले पेसागत सुरक्षा नभएको महसुस गरी लोक सेवा आयोग, शिक्षक सेवा आयोग र विभिन्न संघ संस्थाले लिने परीक्षामा जाने गर्दा नियमित पठनपाठन हुन नसकेकोले शिक्षकलाई स्थायी गरी पठनपाठन नियमित बनाउनु पर्छ भनी शतप्रतिशत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र विद्यार्थीहरूले बताएका छन् ।

### ख. त्रिभुवन विश्वविद्यालयले अनुगमन गर्नुपर्ने

सामुदायिक क्याम्पसलाई त्रि.वि.ले सम्बन्धन मात्र दिएको तर अनुगमनद्वारा सुझाव नदिएकोले पनि क्याम्पसमा शैक्षिक समस्या समाधानमा समस्या आएको छ । तसर्थ त्रि.वि.ले सामुदायिक क्याम्पसको समय समयमा अनुगमन गरी सुझाव दिनु पर्दछ । क्याम्पसमा कार्यरत क्याम्पस प्रमुख र विद्यार्थीले पनि त्रि.वि.ले अनुगमन गरी सुझावहरू दिनुपर्ने कुरामा जोड दिएका छन् ।

### ग. विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नुपर्ने

प्रवचन विधिबाट विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्न सकिँदैन तसर्थ शिक्षकले विद्यार्थी केन्द्रित विधि अपनाई शिक्षण गर्नु पर्दछ। विद्यार्थी केन्द्रित शिक्षण विधिलाई जोड दिनुपर्ने ५ जना (८३.३३ प्रतिशत) क्याम्पस प्रमुख, शिक्षक, र शतप्रतिशत विद्यार्थीहरूले बताएका छन् ।

### घ. विद्यार्थी भर्ना र परीक्षा परिणाम वृद्धि गर्नुपर्ने

सामुदायिक क्याम्पसमा विद्यार्थी भर्ना सङ्ख्या अत्यन्तै न्यून रहेको छ । भर्ना वृद्धि गर्नका लागि घरदैलो अभियान, प्रचार प्रसार, छात्रवृत्ति वितरण, अतिरिक्त क्रियाकलाप, पाठ्यपुस्तकको व्यवस्था, शैक्षिक सामग्रीको प्रयोमा जोड आन्तरिक परीक्षाको व्यवस्था गर्नुपर्दछ। विद्यार्थी भर्नालाई वृद्धि गर्नका लागि विद्यार्थीले चाहे अनुसारका विषयवस्तु हुनुपर्ने सत्प्रतिशत क्याम्पस प्रमख, शिक्षक र २५ जना (९३ प्रतिशत) विद्यार्थीबाट प्रतिक्रिया प्राप्त भएको छ ।

**ङ. राजनीतिक हस्तक्षेप न्यून हुनुपर्ने**

सामुदायिक क्याम्पसमा विशेष गरी शिक्षक नियुक्ति, सञ्चालक समिति गठन, जस्ता कार्यमा हस्ताक्षेप हुँदा योग्य व्यक्ति छनोट हुन सक्दैन । योग्य व्यक्ति छनोट नहुँदा क्याम्पसमा झन समस्या सिर्जना हुन्छ । तसर्थ सामुदायिक क्याम्पसलाई व्यवस्थित बनाई अगाडि बढाउनका लागि राजनीतिक दलले हस्तक्षेप नगरी सहयोग गर्नुपर्छ । शिक्षक नियुक्ति, सञ्चालक समिति गठनमा राजनीतिक हस्तक्षेप हुन नहुने कुरामा शतप्रतिशत क्याम्पस प्रमुख, १ जना (५० प्रतिशत) सहायक क्याम्पस प्रमुख, २० जना (८३.३३ प्रतिशत) शिक्षक र २० जना (६६.६६ प्रतिशत) विद्यार्थीहरूबाट प्रतिक्रिया प्राप्त भएको छ ।

**४.५.२ भौतिक समस्या समाधानका उपाय**

शिक्षण सिकाइ कार्यलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पार्ने विभिन्न पक्षमध्ये भौतिक पक्ष पनि एक महत्त्वपूर्ण पक्ष हो । यस पक्षान्तर्गत क्याम्पसमा आफ्नै भवन, कक्षाकोठा, बैठककक्ष, लेखाकक्ष, पुस्तकालय, फर्निचर, खानेपानी, शौचालय, छात्रावास र चमेनागृह जस्ता सुविधामा कमी हुनु जटिल समस्याहरू हुन् । यस्ता पक्षको समाधान गर्न निम्न उपायहरू अपनाउनु पर्छ ।

**क. भवन निर्माणमा जोड दिनुपर्ने**

पचास प्रतिशत क्याम्पसको आफ्नै भवन नभएकाले भवन निर्माण कार्यमा तत्काल सम्बन्धित सरोकारवाला पक्षले ध्यान दिई स्रोत साधन जुटाई भवन निर्माण गर्नुपर्छ । क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक स्टाफ, पुस्तकालय, लेखा र कम्प्युटरका लागि आर्थिक स्रोत पत्ता लगाई बेग्लाबेग्लै कोठाको व्यवस्था गर्नुपर्छ ।

**ख. खानेपानीको व्यवस्था गर्नुपर्ने**

पचास प्रतिशत क्याम्पस उच्च मा.वि.का. भवनमा सञ्चालन गर्नुपर्ने बाध्यताले उच्च मा.वि.कै खानेपानी प्रयोग गर्नु परेको छ । आफ्नै शौचालय भएका ५० प्रतिशत क्याम्पसको शौचालय मर्मत सम्भार गर्नुपर्छ । सामुदायिक क्याम्पसलाई व्यवस्थित गर्नका लागि आफ्नै खानेपानीको व्यवस्था गर्नुपर्ने ५० प्रतिशत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र विद्यार्थीहरूले बताएका छन् ।

**ग. छात्रावासको व्यवस्था**

टाढा टाढाबाट आउने शिक्षक र विद्यार्थीहरूलाई आवास तथा छात्रावासको अनिवार्य व्यवस्था गर्नुपर्छ । छात्रावासको व्यवस्था हुनुपर्ने कुरामा ३ जना (५० प्रतिशत) क्याम्पस प्रमुख, शतप्रतिशत सहायक क्याम्पस प्रमुख, शिक्षक र २४ जना (८० प्रतिशत) विद्यार्थीबाट प्रतिक्रिया प्राप्त भएको छ ।

**घ. फर्निचरको व्यवस्था गर्नुपर्ने**

पचास प्रतिशत क्याम्पसले उच्च मा.वि. कै फर्निचरहरू प्रयोग गर्नुपर्ने बाध्यता रहेकाले सञ्चालक समितिले आर्थिक स्रोत जुटाई फर्निचरको व्यवस्था गर्नुपर्दछ ।

**ङ. चमेनागृहको व्यवस्था**

पाणिनि बहुमुखी क्याम्पसबाहेक अन्य ८३ प्रतिशत क्याम्पस हाताभित्र चमेनागृहको व्यवस्था छैन । क्याम्पसमै चमेनागृहको व्यवस्था हुनुपर्ने शतप्रतिशत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र विद्यार्थीहरूबाट प्रतिक्रिया प्राप्त भएको छ ।

**४.५.३ आर्थिक समस्या समाधानका उपाय**

सामुदायिक क्याम्पसले शिक्षक कर्मचारीहरूको तलव मासिक रूपमा भुक्तानी गर्न नसकि शिक्षक, कर्मचारी आर्थिक भारमा पर्नु, आर्थिक अभावका कारणले भवन निर्माण तथा मर्मत सम्भार कार्य सम्पन्न गर्न नसक्नु, विद्यार्थीबाट शिक्षण शुल्क बढी लिँदा विद्यार्थीहरू आर्थिक मारमा पर्नु, शिक्षक कर्मचारीहरूलाई महङ्गीअनुसार तलब भत्ताको व्यवस्था गर्न नसक्नु, बिमा, औषधि उपचार, उपदान निवृत्तिभरण जस्ता सुविधा उपलब्ध गराउन नसक्नुका प्रमुख कारण भनेको नियमित आर्थिक स्रोत पत्ता लगाउन नसक्नु र सरकारले प्रत्यक्ष आर्थिक सहयोग उपलब्ध नगराउनु हो । यी समस्याहरू समाधान हुन नसकेमा क्याम्पसले आफ्ना पूर्वानिर्धारित उद्देश्यहरू प्राप्ति गर्न सक्दैन तसर्थ यस्ता समस्याहरूलाई निम्न उपायहरू अपनाइ समाधान गर्नुपर्छ ।

**क. त्रिभुवन विश्वविद्यालले आर्थिक सहयोग गर्नु पर्ने**

त्रि.वि. ले हालसम्म सामुदायिक क्याम्पसलाई अनुमति मात्र प्रदान गर्दै आएकोमा आर्थिक अनुदान सहयोग उपलब्ध गराउनु पर्ने कुरामा २ जना (३३.३३ प्रतिशत) क्याम्पस प्रमुख, शतप्रतिशत शिक्षक र विद्यार्थी बताउँछन् ।

**ख. सञ्चालक समिति र राजनीतिक दलले पहल गर्नुपर्ने**

विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँग सञ्चालक समिति र राजनीतिक दलले समन्वयकारी भूमिका निर्वाह गरी रकम माग गर्नु पर्दछ । चन्दा सङ्कलनलाई पनि निरन्तर दिनुपर्दछ भने ३ जना (५० प्रतिशत) क्याम्पस प्रमुख, २० जना (८३.३३ प्रतिशत), शिक्षक र १६ जना (५३.३३ प्रतिशत) विद्यार्थीबाट प्रतिक्रिया प्राप्त भएको छ ।

**ग. परीक्षा परिणामा वृद्धि गरी शिक्षण शुल्क वृद्धि गर्नुपर्ने**

सामुदायिक क्याम्पसको औषत परीक्षा परिणाम २०.७० प्रतिशत मात्र रहेको छ । परीक्षा परिणाम वृद्धि गर्नुका साथै विद्यार्थीका शैक्षिक, भौतिक सुविधा वृद्धि गरी शिक्षण शुल्क पनि वृद्धि गरी रकमको व्यवस्था गर्नुपर्छ भनी ४ जना (६६.६६ प्रतिशत) क्याम्पस प्रमुख र १४ जना (५८.३३ प्रतिशत) शिक्षकबाट प्रतिक्रिया प्राप्त भएको छ ।

**घ. रजिस्ट्रेसन शुल्क उपलब्ध गराउनु पर्ने**

जिल्लास्तरमा रहेका जिल्लास्थित मालपोत कार्यालय, यातायात कार्यालय आदिमा प्राप्त हुने रजिस्ट्रेसन शुल्कको निश्चित रकम सामुदायिक क्याम्पसलाई उपलब्ध गराउनु पर्ने व्यवस्था सरकारले गर्नुपर्छ । यस कुरालाई शतप्रतिशत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र विद्यार्थीहरू बताउँछन् ।

समग्रमा सामुदायिक क्याम्पसमा पूर्णकालीन शिक्षकको व्यवस्था गर्नुपर्ने, त्रि.वि.ले अनुगमन गर्नुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोगमा जोड दिनुपर्ने, परीक्षा परिणाम वृद्धि गरी विद्यार्थी भर्ना वृद्धि गर्नुपर्ने राजनीतिक दलको हस्तक्षेप न्यून हुनुपर्ने जस्ता उपायहरू अपनाउनु पर्छ । त्यसैगरी क्याम्पस प्रमुख, शिक्षक, स्टाफ, पुस्तकालयका लागि बेग्लाबेग्लै कोठाको व्यवस्था हुनुपर्ने कार्यालय फर्निचर, खानेपानी, शौचालय, छात्रावास र चमेनागृहको व्यवस्था गरी भौतिक समस्या समाधान गर्न सकिन्छ । त्यसैगरी आर्थिक समस्या समाधान गर्न त्रि.वि.ले आर्थिक अनुदान सहयोग गर्नुपर्ने, सञ्चालक समिति र राजनीतिक दलले विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग रकम माग गर्ने, चन्दा सङ्कलन गर्ने, परीक्षा परिणाम वृद्धि गरी शिक्षण शुल्क वृद्धि गरी रकम सङ्कलन गर्नुपर्ने, जिल्ला स्तरका कार्यालयमा प्राप्त हुने रजिस्ट्रेसन शुल्लको निश्चित प्रतिशत रकम क्याम्पसलाई उपलब्ध गराउने व्यवस्था भएमा सामुदायिक क्याम्पसका शैक्षिक समस्या समाधान गर्न सकिन्छ ।

## ५. निष्कर्ष

क्याम्पसको भौतिक पक्षअन्तर्गत ५० प्रतिशत क्याम्पसको आफ्नो कुनै पनि पूर्वाधार नभएको अवस्था छ । क्याम्पसको आफ्नै भवन, कार्यालय, पदीय र कामको प्रकृतिका आधारमा छुट्टाछुट्टै कोठाको व्यवस्था छैन । आफ्नै भौतिक पूर्वाधार नभएकाले उच्च मा.वि.का स्रोतसाधनमाथि निर्भर रहनु परेको छ ।

आर्थिक पक्षअन्तर्गत विद्यार्थी शुल्कमात्र सबैभन्दा प्रमुख आम्दानीको नियमित स्रोत रहेको छ । शिक्षक कर्मचारीलाई मासिक रूपमा तलब भत्ता भुक्तानी भएको देखिएन भने शिक्षक कर्मचारीलाई कर्मचारी सञ्चय कोष, बिमा , औषधि उपचार, उपदान र निवृत्तिभरण जस्ता सुविधा उपलब्ध गराउन आर्थिक समस्या रहेको छ ।

योग्य अनुभवी र दक्ष शिक्षक नहुँदा शिक्षण विधि विद्यार्थी केन्द्रित नहुनु, नियमित पठनपाठन हुन नसक्नु, विद्यार्थी भर्ना र परीक्षा परिणाम अति न्यून हुनु, पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था नहुनु, पुस्तकालयको उचित व्यवस्था नहुनु, राजीतिक हस्तक्षेपका कारण सञ्चालक समितिले स्वतन्त्र भई कार्य गर्न नसक्नु जस्ता शैक्षिक समस्या रहेका छन् ।

त्यसैगरी पर्याप्त भवनको व्यवस्था नहुनु, कक्षाकोठा फर्निचर तथा कामको प्रकृति अनुसार बेग्लाबेग्लै कोठा नहुनु, खानेपानी, शौचालय पूर्ण व्यवस्थित नुहनु, छात्रावास, चमेनागृहको व्यवस्था नहुनु जस्ता भौतिक समस्या रहेका छन् ।

शिक्षकलाई नियमित तलब भत्ता भुक्तानी गर्न नसक्नु, बजेट अभावमा निर्माण र मर्मत सम्भार आवश्यकतानुसार गर्न नसक्नु, समयमा शिक्षण शुल्क असुली नहुनु, शिक्षकहरूलाई थप आर्थिक सुविधा उपलब्ध गराउन नसक्नु, शैक्षिक सामग्री, पाठ्यपुस्तक, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न नसक्नु आर्थिक समस्या रहेका छन् ।

विद्यार्थी भर्ना र परीक्षा परिणाम वृद्धि गर्न आवश्यक छ । शिक्षकको पेसागत स्थायित्वतर्फ ध्यान दिनुपर्छ । शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण विधि अवलम्बन गर्नुपर्दछ । शिक्षक नियुक्ति र सञ्चालक समितिको गठनमा राजनीतिक होडबाजीलाई सबैले त्याग्नु पर्दछ भने पुस्तकालय व्यवस्थापनतर्फ पनि त्यत्तिकै ध्यान पुऱ्याउन जरुरी छ ।

आफ्नै भवन, फर्निचर, खानेपानी, शौचालय, छात्रावास, चमेनागृह आदि नभएका क्याम्पसले स्रोत र साधनको व्यवस्था गरी सोको निर्माणतर्फ ध्यान दिनुपर्छ । जसले गर्दा उच्च माध्यमिक विद्यालयका भौतिक साधनको प्रयोग गर्नुपर्ने बाध्यता हट्न जान्छ ।

विद्यार्थी शुल्कलाई मात्र प्रमुख आम्दानीको स्रोत नबनाई अन्य स्रोतहरूको पहिचान गर्नुपर्दछ । शिक्षक कर्मचारीलाई नियमित तलब भत्ता उपलब्ध गराउनुपर्दछ भने क.सं. कोष, बिमा, उपदान, निवृत्तिभरण जस्ता सुविधा उपलब्ध गराउन पहल गर्नुपर्दछ ।

यसरी सामुदायिक क्याम्पसको शैक्षिक, भौतिक र आर्थिक व्यवस्थापनमा भएका कमी कमजोरीलाई हटाउँदै व्यवस्थापन सुधारका लागि सरोकार राख्ने स्थानीय निकाय, सञ्चालक समिति, शिक्षक र विद्यार्थीबिच टेयलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्त, मास्लोको आवश्यकताको सिद्धान्त र फोलेटको समन्वय सिद्धान्त प्रभावकारी रूपमा लागू गर्नुपर्छ । यसो गरिएमा सामुदायिक क्याम्पसको अवस्था क्रमशः सुदृढ हुनसक्छ ।

## सन्दर्भसामग्री सूची

काफ्ले, बासुदेव, विष्ट, मिनबहादुर, सिन्हा, रामस्वरूप, श्रेष्ठ, चन्द्रबहादुर (२०६०), ***शैक्षिक योजना,*** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर (२०६३), ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, खगेश्वर (२०६६), ***प्राथमिक विद्यालयको शैक्षिक गुणस्तरमा लागि भौतिक व्यवस्थापन,*** (अप्रकाशित शिक्षाशास्त्र स्नातकोत्तर शोधपत्र), त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, बुटवल ।

खनाल, पेशल (२०६५), ***शैक्षिक अनुसन्धान पद्धति,*** काठमाडौं : सनलाइट पब्लिकेशन ।

जि.सी., डिलबहादुर (२०६७), ***बर्दिया जिल्लाको माध्यमिक विद्यालयको शैक्षिक, भौतिक र आर्थिक अवस्था एक अध्ययन,*** (अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र त्रि.वि. पाठ्यक्रम तथा मूल्याङ्कन विभाग कीर्तिपुर ।

थापा, विजयकुमार, श्रेष्ठ, चन्द्रबहादुर, सिग्देल, शैलेन्द्रप्रसाद (२०६६), ***व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, उत्तरकुमार (२०६६), ***शैक्षिक व्यवस्थापन तथा साङ्गठनिक व्यवहार,*** काठमाडौं : भुँडीपुराण प्रकाशन

बेल्बासे, नारायणप्रसाद (२०६७), ***नेपालको वर्तमान परिवेशमा सामुदायिक विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थिति, अर्घाखाँची बुलेटिन,*** अर्घाखाँची : कर्मचारी मिलन केन्द्र ।

त्रि.वि. (२०५०), ***त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम,*** काठमाडौं ।

शर्मा, चिरञ्जीवि (२०६३), ***शिक्षाका आधारहरू,*** काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रियुटर्स ।

शर्मा, चिरञ्जीवि, शर्मा निर्मला (२०६४), ***शैक्षिक योजना,*** काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रियुटर्स ।

Shakya, Ananda Man Singh (1996), ***Status Survey of Tribhuwan University Campus,*** Butwal Multiple Campus, Butwal